# मानव अधिकार अवस्था

## सेप्टेम्बर -अक्टुबर

## २०१०

## हिमराइट्स लाइफ लाइन एक चिनारी

मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स) ले गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनविरुद्ध मानवीय मूल्य मान्यताको संरक्षण गर्न लाइफलाइन जीवन जोगाउ अभियान प्रारम्भ गरेको थियो । लाइफलाइन मानव अधिकार उल्लंघन गर्ने प्रवृत्तिको विरुद्ध सम्बोधन गर्नका लागि एउटा अभियानको रुपमा संचालन भइरहेको छ । यसले विगतमा राज्य र माओवादी पक्ष बीचको भएको सशस्त्र द्वन्द्वको दौरानमा मानवीय मूल्यमा आएको गम्भीर ह्रासको अवस्थालाई सम्बोधन गरेको थियो । यसको साथै यसले द्वन्द्वको अवस्थामा मानव अधिकार रक्षकहरुबाट गरिनु पर्ने तत्काल सम्बोधन गर्ने कार्यको दायित्व निर्वाह गरेको थियो । यस्तो गम्भिर पृष्ठभूमिमा हिमराइट्सले पीडकविरुद्ध उजुरी गर्न सक्ने, पीडाहरु साटासाट गर्ने, बेपत्ता पारिएका परिवारजनहरु कहाँ छन् भनेर खोजी गर्नका लागि एउटा उपयुक्त मञ्चको आवश्यकता भएको कुरा महसुस गऱ्यो ।

यसरी हिमराइट्सले आन्तरिक द्वन्द्वका कारण भएको मानव अधिकार उल्लंघनका घटनाहरुलाई सम्बोधन गर्ने, अनुगमन गर्ने प्रतिवेदन तयार गर्ने एउटा भरपर्दो सेवा प्रदान गरेको थियो । हिमराइट्स सशस्त्र द्वन्द्वसँग सम्बन्धित मानव अधिकार उल्लंघनको विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा वकालतका साथै पीडितहरुको उद्धार, रिहाइ गर्ने, सत्य तथ्य पत्ता लगाउने कार्यमा संलग्न रहेको थियो ।

हिमराइट्सले वर्तमान संक्रमणकालिन अवस्था समेतलाई मध्यनजर गर्दै आफ्ना क्रियाकलापहरुलाई निरन्तर दिदैं आएको छ । हिमराइट्सको क्षेत्रीय, जिल्ला कार्यालयहरु तथा सम्पर्क व्यक्तिहरुको माध्यमबाट संकलित मानव अधिकार, महिला अधिकार तथा बाल अधिकार विरुद्धमा भएका घटनाहरुको सत्यतथ्य सूचनाहरु संकलन गरी विद्यमान मानव अधिकारको अवस्थाको बारेमा सु-सूचित गर्ने काम गर्दै आउनुको साथै जघन्य प्रकृतिका मानव अधिकार उल्लघंनका घटनाहरुको सत्यतथ्य पत्ता लगाई पीडितको पक्षमा दबाबमूलक वकालतहरु समेत गर्दै आइरहेको छ ।

### *सेप्टेम्बर र अक्टुवर महिनामा भएका प्रमुख घटनाक्रमहरु*

क) सेप्टेम्बर १, २०१० मा तराई जनतान्त्रिक मुक्ति मोर्चा ज्वालासिहंका कार्यकर्ताले सलार्हीको वरहथवा गाविस- ७ का किराना व्यापारी शम्भु दासको हत्या ।

ख) सेप्टेम्बर ६, २०१० मा जनतान्त्रिक मधेश मुक्ति टाइगर्सका कार्यकर्ताहरुले बाराको स्थानीय दुर्गा उच्च माविका शिक्षक सुवास पाण्डेको हत्या ।

ग) सेप्टेम्बर ९, २०१० मा बाझ्ुङ गाउ विकास समिति वडा नं १ पातीचौर पर्वत निवासी तथा स्थानीय सरस्वती माविमा कक्षा ९ मा अध्यनरत १५ बर्षिया बालीका प्रतिक्षा पौडेलको सामुहिक बलात्कार पश्चात हत्या ।

घ) सेप्टेम्बर २०, २०१० मा भुमिगत तराई मुक्ति मोर्चाका कार्यकर्ताले तराई मधेश लोकतान्त्रिक पार्टी औरही गाउँ कमिटी महोत्तरीका अध्यक्ष राजाराम यादवको हत्या ।

ङ) सेप्टेम्बर २२, २०१० मा ढोला गाविस- २, धादिङ्ग पुर्सु निवासी श्रीमति नीरमाया पुलामी र उनकी ९ बर्षिया छोरी अनुका पुलामीको सामुहिक रुपमा खुकुरी प्रहार गरी हत्या ।

च) सेप्टेम्बर २९, २०१० मा सल्यानको थारमारे गाविस- ८ वाराचौर निवासी चार दिनकी सुत्केरी रहेकी २१ बर्षिया एक महिलाको बलात्कार ।

छ) अक्टुवर ३, २०१० का दिन गत सेप्टेम्बर ३० मा अपहरणमा परेका नेपालगञ्ज स्थित जयवागेश्वरी उच्च माविमा कक्षा १० मा अध्यनरत १६ बर्षिया लिलाधर भट्टको जनतान्त्रिक पार्टी मधेश बाँके जिल्ला अध्यक्ष तथा पश्चिम क्षेत्र कमाण्डर रहेका मेराज अहमद साईद्धारा हत्या । त्यस्तै सोही दिन अर्थात सेप्टेम्बर ३०, २०१० मा लिलाधर भट्ट सँगै अपहरणमा परेका तथा सोही विद्यालयमा कक्षा ९ मा अध्यनरत १५ बर्षिया कपिल द्धिवेदीको परिवारसँग रु १० लाख फिरौति लिएर पनि जनतान्त्रिक पार्टी मधेश बाँके जिल्ला अध्यक्ष तथा पश्चिम क्षेत्र कमाण्डर रहेका मेराज अहमद साईद्धारा हत्या । सो घटनामा स्थानिय प्रहरी हवल्दार समेत संलग्न रहेको ।

ज) अक्टुवर १२, २०१० का दिन  दुहवी- ८ धनुषा निवासी ५ बर्षिया दिपेश यादवको गाउँकै विनोद मुखिया र उनका बाबु रामदेव मुखिया तथा साथी रामबाबु मुखियाद्धारा हत्या ।

झ) अक्टुवर १९, २०१० का दिन धधवारक- ६ ढकेला, बर्दियाकी ५ बर्षिया बालिका जुना बुढाको बलात्कार पछि हत्या ।

ञ) अक्टुवर २०, २०१० का दिन खैरिचन्द्रपुर ८ बर्दिया निवासी ८ बर्षिया सविना चौधरीको बलात्कार पछि हत्या ।

ट) अक्टुवर ३०, २०१० का दिन बारा स्थित नेपाल निम्न माध्यमिक विद्यालय खजुरीयाका शिक्षक सुरेश प्रसाद पटेलको अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताद्धारा हत्या ।

## मानव अधिकार अवस्था

२०१० को सेप्टेम्बर र अक्टुवर महिनामा पनि मानव अधिकारको स्थिति गम्भिरै रहृयो । नेपाल सरकार तथा राज्यका संयन्त्रहरु सर्वसाधारण जनताको सुरक्षा तथा शान्तिको वातावरण कायम गर्नुपर्ने जिम्मेवारीबाट अझै पनि चुकेको अवस्था रहि नै रहृयो । सेप्टेम्बर र अक्टुवर महिना बालबालिका लागि भने त्यति फलदायी रहेन । दुई महिना का वीचमा करिव आधा दर्जन भन्दा बढी बालबालिकाहरु कोही त बलात्कारको शिकार कोही अकालमा ज्यान गुमाउन बाध्य भए । चाडवाडका बेला सुरक्षा संयन्त्र बलियो पार्ने नेपाल सरकारको घोषणासगैं त्यही बेला करिव आधादर्जन हत्या र बालबालिका बलात्कार का घटनामाथि नियन्त्रण नहुनुले कही सरकारको  घोषणा कागजमा मात्र सिमित भएको होकी भन्ने भान आम सर्वसाधारणमा हुनु स्वभाविकै हो ।  साथै  बढ्दै गइरहेको हत्या, अपहरण, धम्की, बलात्कार तथा बन्द लगायतका हिंसात्मक कार्यहरुको  उचित ढंगले सम्बोधन गर्न नसक्दा सर्वसाधारण जनताहरु डर, त्रास र आतंकमा बाँचिरहनु पर्ने अवस्था देखिएको छ । यौनजन्य हिंसा, बलात्कार, हत्या जस्ता गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका घटनाहरुमा संलग्न भएका पीडकहरुलाई नियन्त्रणमा ल्याई कानुनको दायराभित्र ल्याउन नसक्नुले राज्य संयन्त्रहरु निरीह रहेको बुझिन्छ । जसले कानुन बिहिनता र दण्डहिनताको स्थितीलाई उजागर गरिरहेको छ । तराईका जिल्लाहरुमा भइरहेका हत्या, अपहरण तथा चन्दा आतंकले विगतको दुई महिना पनि आक्रान्त रहृयो । तराईका तथा पूर्वी जिल्लाहरुमा सरकारद्वारा विशेष सुरक्षा व्यवस्था प्रभावकारी ढंगबाट अवलम्बन गरेको दावी गर्दै आएको भएतापनि यथार्थमा स्थिति यस्तो छैन । तराईका अधिकांश जिल्लाहरुमा  भूमिगत समूहका कार्यकर्ताहरुले स्थानीय व्यापारी, शिक्षक तथा सर्वसाधारणहरुसँग चन्दा माग्ने र नदिएमा अपहरण गर्ने, धम्की दिने कार्यलाई निरन्तरता दिई नै रहेका छन् ।  त्यस्तै शिक्षण सस्था माथि शिक्षक नियुक्ति को विवाद व्यवस्थापन समितिको विवाद जस्ता विभिन्न नाममा  विवादका कारण बन्द गराउने प्रथा साथै शिक्षक हत्या लगायतका कार्यहरु बाट पनि यो दुई महिना अछुतो रहन सकेन । निर्वाचन आयोगबाट निर्वाचन प्रयोजनका लागि तयार गर्न लागेको मतदाता परिचय-पत्र बनाउने कार्यक्रमको विरोध गर्दै तराईतिरका विभिन्न मधेशवादी दल र पहाडतिरका विभिन्न असन्तुष्ट समूहहरुबाट गरिएको बन्दले पनि जनजीवन प्रभावित बन्न पुग्यो । यसैगरी विगतको सरकारले दिएको राजिनामा स्वीकृत भइसकेपछि सरकार गठन तथा संविधान निर्माणको सर्न्दभमा दलहरु बीच सहमति हुन नसकेको कारणबाट लामो समयदेखि मुलुक अनिर्णयको बन्दी हुन पुगेको छ । जसको परिणाम स्वरुप मुलुकमा शान्ति सुरक्षाको स्थिति मजबुत बन्न सकिरहेको छैन ।

## हिमराइट्समा अभिलेखित सूचनाहरु

हिमराइट्स लाइफलाइनले यसका जिल्लास्थित कार्यालयहरु तथा सम्पर्क व्यक्तिहरुको माध्यमबाट बालअधिकार, महिला अधिकार तथा मानवअधिकार उल्लंघनका घटनाहरुको अभिलेख राखेको छ । त्यस्तै सशस्त्र द्वन्द्वमा परेका बालबालिकाको संरक्षणका लागि साझेदारी संस्थाहरुबाट प्राप्त बाल अधिकार उल्लघंनका सूचनाहरुलाई समेत मानव अधिकार अवस्थामा आधार मानिएको छ । यसका लागि जिल्लास्थित हिमराइट्सका अनुगमनकर्ताहरुले उनीहरु कार्यरत जिल्लामा भएका सूचनाहरु संकलन गर्दछन् । त्यसै गरी संचारमाध्यमहरुमा प्रकाशित सूचनाहरुलाई पनि आधारमानी यो मानव अधिकार अवस्था सार्वजनिक गर्दै आएको छ ।

**अनुगमनबाट सेप्टेम्बर र अक्टुवर दुई महिनाको बीचमा करिब २५० वटा मानव अधिकार उल्लंघनका घटनाहरु भएका छन् । जसमा सेप्टेम्बरमा १६८ र अक्टुवरमा ८२ वटा मानव अधिकारका घटनाहरु तथा सेप्टेम्बरमा ३४ र अक्टुवर ३० वटा बालअधिकार उल्लघंनका घटनाहरु सूचिकृत गरिएको छ । मूलूकभरीका ५५ वटा जिल्लाहरुमा भएका घटनाहरुको आधारमा यो सूचाङ्क तयार पारिएको छ । विगत दुई महिनामा अभिलेखित २५० घटनाहरु मध्ये पूर्वी,मध्य र पश्चिम तराईका जिल्लाहरुमा मात्रै ९० वटा मानव अधिकार तथा बाल अधिकार उल्लंघनका घटनाहरु घटेका छन् । हत्या, हिंसा, अपहरण, लुटपाट, जिल्ला तथा क्षेत्र बन्दका साथै यौनजन्य हिंसाहरुबाट तराई अशान्त नै रह्यो ।**

विगत दुई महिनामा भएका घटनाहरुको समीक्षा गर्दा एनेकपा माओवादी तथा वाइसिएलका कार्यकर्ता तथा तिनका भातृ संस्थाहरुले पार्टीको निर्णयको नाममा आन्दोलनका निम्ति चन्दा संकलन कार्यलाई दोहोऱ्याई नै रहेका छन् । त्यसै गरी अखिल तराई मुक्ति मोर्चा, अखिल क्रान्तिकारी, तराई जनतान्त्रिक मधेश, अखिल जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता, तराई जनवादी वर्कस पार्टी तथा नयाँ नयाँ अपराधिक समूहहरुले हत्या, अपहरण तथा धम्कीको घटनाहरु घटाइरहेका छन् । त्यस्तै महिलामाथि हुने घरेलु हिंसा, बलात्कार, यातना जस्ता अमानवीय क्रियाकलापहरुले समेत प्रश्रय पाइरह्यो । अभिभावकसँगको रिसवीको कारण तिनका बालबालिका अपहरण गर्ने फिरौती माग्ने र हत्या गर्ने जस्ता अपराधिक संस्कारको विकास खास गरी तराई क्षेत्रमा भइरहेको कुरा गत सेप्टेम्बर महिनामा बाँके र धनुषामा भएका घटनाबाट प्रष्ट हुन्छ ।

HimRights

बन्द हड्ताल तथा शिक्षक अपहरण तथा हत्याको कारण शिक्षण संस्थाहरु समेत बन्द भई बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारबाट बन्चित नै भइरहेको अवस्था छ । बालबालिकाको अज्ञात समूहबाट हत्या, अपहरण तथा बलात्कारका घटनाहरुको सूचना हिमराइट्समा संकलित भएको छ । चन्दा तथा फिरौतीको निम्ति बालबालिका अपहरण तथा हत्या जस्ता कार्यलाई सुरक्षा निकायले नियन्त्रण गर्न सकेन । त्यस्तै बेवारिसे अवस्थामा छोडिएका विष्फोटक पदार्थबाट घाइते हुने क्रम पूर्ण अगाडिको महिनामा भन्दा केही कम भए पनि बम विष्फोटनका घटनाहरु भने खासै रुपमा रोकिन सकेको देखिएन ।

**तालिका १ : मानव अधिकार उल्लंघनका घटनाहरु**

| मानव अधिकार उल्लंघन | सेप्टेम्बर | अक्टुवर |
|---|---|---|
| हत्या | २३ | २३ |
| गोली लागि घाइते - विभिन्न समूहबाट | १ | ० |
| अपहरण | २ | १ |
| हातहतियार सहित पक्राउ | २९ | ८ |
| ज्यान मार्ने धम्की | ३ | - |
| कुटपिट | २८ | ३ |
| महिला हिंसा- हत्या | ८ | ३ |
| महिला हिंसा - कुटपिट ⁄यातना | ११ | ३ |

| | | |
|---|---|---|
| यौन दुर्व्यवहार (महिला) | ३ | २ |
| विष्फोटन | १२ | ३ |
| विष्फोटन बाट घाइते | ३ | २ |
| बन्द -नेपाल, क्षेत्र, जिल्ला) | ४ | २ |
| **चन्दा** | **५** | **२** |
| **जग्गा कब्जा** | **१** | **-** |
| **विस्थापित** | **१** | **-** |
| **जम्मा** | **१३४** | **५२** |

तलिका २ : बाल अधिकार उल्लंघनका घटनाहरु

| बाल अधिकार उल्लंघन | सेप्टेम्बर | अक्टुबर |
|---|---|---|
| हत्या | २ | ५ |
| अपहरण / बेपत्ता | १ | ६ |
| पक्राउ | २ | - |
| यातना/घाइते/कुटपिट | २ | ३ |
| यौन दुर्व्यवहार | १६ | ७ |
| विद्यालय बन्द आक्रमण | ११ | ६ |
| बम विष्फोटनबाट बालबालिका घाइते | - | ३ |
| **जम्मा** | ३४ | ३० |

HimRights

## तालिका : ३ मानव अधिकार अवस्था –सेप्टेम्बर

| क्रम सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादीद्वारा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | सशस्त्र समूह/ अज्ञात समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य/ सर्वसाधारणद्वारा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | १ | - | – | ९ | ५ | ८ | २३ |
| २. | गोली लागी घाइते | - | १ | - | - | - | - | १ |
| ३. | कब्जा/अपहरण | - | - | - | २ | - | - | २ |
| ४. | हातहतियार सहित पक्राउ | - | - | - | - | २९ | - | २९ |
| ५. | ज्यान मार्ने धम्की, | | - | - | ३ | | - | ३ |
| ६. | कुटपिट | ९ | १० | - | - | ९ | - | २८ |
| ७. | विस्थापित | - | - | - | १ | - | - | १ |
| ८. | महिला हिंसा -हत्या | - | - | - | - | - | ८ | ८ |
| ९. | यातना/घाइते/ कुटपिट | - | - | - | - | - | ११ | ११ |
| १०. | यौन दुर्व्यवहार (महिला) | - | - | - | - | - | ३ | ३ |
| ११. | बम विष्फोटन | – | - | - | १० | - | २ | १२ |
| १२. | विष्फोटन बाट घाइते | – | - | - | १ | - | २ | ३ |
| १३. | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | – | २ | - | २ | - | - | ४ |
| १४. | चन्दा | - | १ | ३ | ४ | - | - | ५ |
| १५. | घरजग्गा कब्जा / चौकी आक्रमण | - | - | - | १ | - | - | १ |
| | **बाल अधिकार** | - | - | - | - | - | - | |
| १. | हत्या | - | - | - | - | - | २ | २ |
| २. | बम विष्फोटन बाट घाइते | - | - | - | - | - | | |
| ३. | अपहरण/बेपत्ता | - | - | - | - | - | १ | १ |
| ४. | पक्राउ /थुना | - | - | - | - | २ | | २ |
| ५. | यातना/घाइते/कुटपिट | - | - | - | - | - | २ | २ |
| ६. | यौन दुर्व्यवहार | - | - | - | - | - | १६ | १६ |
| ७. | विद्यालय बन्द/आक्रमण | १ | ३ | २ | - | - | ५ | ११ |
| | | | | | | | **जम्मा** | १६८ |

*तालिका : ४ मानव अधिकार अवस्था - अक्टुवर*

| क्रम सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादीद्वारा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | अज्ञात समूह/सशस्त्र समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य / सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | - | १ | - | १४ | १ | ७ | २३ |
| २. | गोली लागी घाइते | - | - | - | - | - | - | |
| ३. | कब्जा/अपहरण | १ | - | - | - | - | - | १ |
| ४. | हातहतियार सहित पक्राउ | - | - | - | - | - | ८ | ८ |
| ५. | ज्यान मार्ने धम्की | - | - | - | - | - | - | |
| ६. | कुटपिट | - | - | - | - | - | - | |
| ७. | महिला हिंसा -हत्या | - | - | - | - | - | ३ | ३ |
| ८. | यातना/घाइते/ कुटपिट | - | - | - | - | - | ६ | ६ |
| ९. | यौन दुर्व्यवहार (महिला) | - | - | - | - | - | २ | २ |
| १०. | विष्फोटन | - | - | - | - | - | - | ३ |
| ११. | विष्फोटनबाट घाइते | - | - | - | - | - | - | २ |
| १२. | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | - | - | - | - | - | - | २ |
| १३. | चन्दा | १ | - | - | १ | - | - | २ |
| १४. | घरजग्गा कब्जा | - | - | - | | - | - | |
| | **बाल अधिकार** | - | - | - | | - | - | |
| १. | हत्या | - | - | - | ५ | - | - | ५ |
| २. | बम विष्फोटन बाट घाइते | - | - | - | ३ | - | - | ३ |
| ३. | कब्जा/अपहरण/बेपत्ता/पक्राउ | - | - | - | ६ | | - | ६ |
| ४. | यातना/घाइते/कुटपिट | - | - | - | - | ३ | - | ३ |
| ५. | यौन दुर्व्यवहार | - | - | - | - | - | ७ | ७ |
| ६. | विद्यालय बन्द/आक्रमण | - | - | २ | - | - | ४ | ६ |
| | | | | | | | **जम्मा** | ८२ |

## निष्कर्ष

माथि उल्लेखित तथ्यांकहरुको आधारमा मानवअधिकारको स्थितिको विश्लेषण गर्दा आम नागरिकहरुले अझै पनि भयरहित वातावरणमा बाँच्न पाउने, जीविकोपार्जन गर्न पाउने अधिकारको निर्धक्क साथ उपभोग गर्ने अवस्था रहेको देखिदैन् । मुलुकको तराई क्षेत्रमा क्रियाशिल सशस्त्र समूहहरुले हत्या, हिंसा र आतंकको वातावरणबाट अझै पनि तराई आक्रन्त नै छ । तराईमा चन्दा आतंक, अपहरण र लुटपाटका घटनाहरुलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिन सकिरहेको छैन । भूमिगत रुपमा संचालित सशस्त्र समूहहरुका क्रियाकलापहरुले मानिसको बाँच्न पाउने अधिकार तथा समग्र सुरक्षामाथि चुनौती दिइरहेका छन् । त्यस्तै गत सेप्टेम्बर महिनामा अवैध साना हातहतियार प्रयोगकर्ताहरु उल्लेख्य मात्रामा पक्राउमा पर्नुबाट सुरक्षा निकायले यस्ता साना हातहतियारको ओसारपसार, किनबेच तथा प्रयोग रोक्न सकिरहेको देखिदैन । यसैगरी गत दुई महिनामा बालबालिकाको अपहरण तथा हत्या गर्ने, यातना दिने जस्ता बालअधिकार उल्लंघनका घटनाहरुले पनि निरन्तरता पाइनै रहेको देखियो । त्यस्तै तराई तथा पहाडी जिल्लाहरुमा १६ वर्ष मुनिका बालिकामाथि विभिन्न समूह र व्यक्तिबाट भएका यौन हिंसा तथा बलात्कारका घटनाहरुमा बृद्धि भइरहेको तथ्यांकबाट सपष्ट हुन्छ । विभिन्न घटनाहरुमा संलग्न अपराधी वा समूहहरुलाई राजनीतिक संरक्षणले गर्दा दण्डहिनताको अवस्थाले अपराधिक क्रियाकलापहरुलाई उत्प्रेरित गरिरहेको अवस्था छ । तसर्थ, समाजमा भइरहेका आपराधिक क्रियाकलापहरुमाथि नियन्त्रण गर्न तथा जनताको जीउ, धनको सुरक्षाका लागि राज्यले सुरक्षा स्थितिलाई मजबुत पार्नु पर्ने आवश्यकता देखिएको छ ।

यद्दपि बितेका दुई महिनामध्ये सेप्टेम्बरको तुलनामा अक्टुबरमा मानव अधिकार उल्लंघनका घटनाहरुमा केही कमी आएको देखिएको छ । तर वास्तवमा अक्टुबरमा चाडपर्वका कारण संचार माध्यमबाट मानव अधिकार उल्लंघनका घटनाहरु सार्वजनिक नभएकोले पनि यस्तो कमी आएको देखिएको हुन सक्छ । जेहोस, अबका दिनहरुमा मानव अधिकार उल्लंघनमाथि पूर्ण विराम लगाउने तर्फ अगाडि बढ्नका लागि मानव अधिकारको विश्वव्यापी घोषणापत्र, मानव अधिकार तथा मानवीय कानुनको सम्मान गर्दै दिगो शान्ति तथा संविधान निर्माण प्रक्रियालाई गन्तव्यमा पुऱ्याउनका निम्ति नेपाल सरकार, जिम्मेवार राजनीतिक दलहरु तथा सर्वसाधारणहरु समेत सचेत हुनु जरुरी छ ।

**प्रत्येक दुई-दुई महिनामा सार्वजनिक गर्दै आएको मानव अधिकारको स्थितिसम्बन्धी बुलेटिनको सन्दर्भमा हिमराइट्स यहाँहरुको अमूल्य सुझाव तथा सल्लाहको लागि अपेक्षा गर्दछ ।**

**मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि प्रतिबद्ध !!!!**

हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स)
पुल्चोक, ललितपुर
फोन : ५५५५१११, फ्याक्स : ५५५४८८०
इमेल : himrights@wlink.com.np
वेवसाइट : www.himrights.org